लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल

email : csidbgulmi@gmail.com
फोन नं ०७९-५२०-११२

## नि:शुल्क तालिम सञ्चालन सम्वन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८०।०८।१९

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गरिने हुँदा तालिम लिन इच्छुक उद्यमी तथा व्यक्तिहरुले यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल:

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिमको नाम |
|---|---|
| १ | प्रारम्भिक तालिम प्राप्त गरी सकेका व्यक्तिहरुका लागि मागमा आधारित स्तरोन्नती तालिम तथा प्रविधिमा सहयोग |
| २ | हाते ट्र्याक्टर र पावर ट्रिलर मर्मत तालिम |
| ३ | सेरामिक्सका सामग्रीहरु निर्माण गर्ने तालिम |
| ४ | गड्यौलाबाट कम्पोष्ट मल बनाउने तालिम तथा गड्यौला र प्रविधि हस्तान्तरण तालिम |
| ५ | कफि उद्योगको विकास र प्रवर्द्धनका लागि तालिम तथा प्रविधिमा सहयोग |
| ६ | उखु क्रसिङ एवम् प्याकेजिङ्गका लागि सीपमूलक तालिम एवं प्रविधि हस्तान्तरण |
| ७ | सुन्तला उत्पादन क्षेत्रमा कृषि सहकारीकर्मीहरुलाई सुन्तला जुस उत्पादन तथा प्याकेजिङ तालिम एवं प्रविधि हस्तान्तरण |
| ८ | विपन्न मुक्त कमैया/कम्लहरी माझी कुमाल चुनारा एवं लोपोन्मुख सीमान्तकृत नागरिकका लागि चुरा बनाउने तालिम |
| ९ | सैलुन व्यवसाय सञ्चालन गर्नका लागि सीप विकास तालिम तथा प्रविधिमा सहयोग |
| १० | पलम्बिङ्ग तथा हाउस वायरिङ तालिम (३९० घण्टे) |
| ११ | अल्लो प्रोसेसिङ तालिम (१६० घण्टे) |
| १२ | बाँसबाट विभिन्न फर्निचरका सामग्री बनाउने तालिम (३९० घण्टे) |
| १३ | उद्यमी बन्न चाहने बेरोजगार युवाका लागि उद्यमशीलता तालिम |

प्रशिक्षार्थीको योग्यता, संख्या र छनौट तथा आवश्यक कागजात:

- ✓ १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनुपर्ने । नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।
- ✓ लुम्बिनी प्रदेशभित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने ।
- ✓ प्रारम्भिक तालिमको हकमा यसअघि उक्त विषयको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्ने ।
- ✓ स्तरोन्नती तालिमको हकमा यसपूर्व उक्त प्रकृतिको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।
- ✓ लक्षित वर्गलाई मात्र दिने भनी उल्लेख गरिएको तालिमको हकमा सो वर्ग पुष्टयाई हुने कागजात पेश गर्ने ।
- ✓ प्रशिक्षार्थीले तालिममा सहभागिता जनाउन कार्यालयसमक्ष दिने निवेदनसाथ उक्त तालिम पश्चात निजले प्राप्त गर्ने सीप उपयोगको लागि व्यावसायिक योजना समेत पेश गर्नु पर्ने छ ।
- ✓ आवश्यक संख्या भन्दा बढि आवेदन पेश भएमा यस कार्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम प्रशिक्षार्थी छनोट गरिनेछ।

पुनश्च: - तालिम सञ्चालन हुने स्थान मागको आवश्यकता र सम्भाव्यताको आधारमा पछि प्रकाशन गरिनेछ ।
- तालिम सञ्चालनको मिति पछि प्रकाशन गरिनेछ ।

- ✓ प्रशिक्षार्थी आवेदन फाराम यसै सूचनासाथ संलग्न गरिएको छ साथै कार्यालयको website: www.csigulmi.p5.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९७४९७८२५०० मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

सुरेन्द्र भण्डारी
उद्योग अधिकृत
(अधिकृत सातौं)

## प्रशिक्षार्थी आवेदन फाराम

श्रीमान् कार्यालय प्रमुख ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी ।

त्यस कार्यालयबाट सञ्चालन गरिने.............................................................................................

तालिम कार्यक्रममा सहभागी हुने इच्छा भएकोले मेरो व्यक्तिगत विवरण, शैक्षिक योग्यता र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपिसहित यो निवेदन पेश गरेको छु । उक्त तालिममा सहभागी प्रशिक्षार्थीको रुपमा छनौट भएको अवस्थामा तालिम सम्बन्धी सम्पूर्ण नियम पालना गर्न मञ्जुर छु ।

### व्यक्तिगत विवरण

१. निवेदकको नाम, थर:

२. ठेगाना: क) स्थायी:

ख) अस्थायी:

ग) सम्पर्क मोबाइल:

३. शैक्षिक योग्यता: ४. उमेर: ५. लिङ्ग: पुरुष/महिला

६. विवाहित/अविवाहित ७. हालको पेशा: ८. परिवार संख्या:

९. परिवारको पेशा:

१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा: ११. वार्षिक आम्दानी:

१२. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ ? लिएको भए

क) तालिम दिने संस्था/कार्यालयको नाम:

ख) तालिमको विषय:

ग) तालिमको अवधि:

१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोगको भएको छ/छैन ? उपयोग भएको भए सोको अवस्था ।

क) स्वरोजगार ख) ज्याला रोजगार

ग) घरायसी प्रयोजनका उपयोग घ) व्यावसायिक उपयोग छैन ।

१४. यो तालिम आवश्यक पर्नुको कारण:

१५. लक्षित वर्ग वा समुदाय..................हो/होइन ।

तालिम पश्चात तालिम लिएको विषय अनुसारको उद्यम/व्यावसाय संचालन गर्न दृढ निश्चय गरेको छु ।

.....................................

आवेदकको सही

मिति:

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल

email : csidbgulmi@gmail.com
फोन नं ०७९-५२०-११२

## प्रशिक्षक सूचीकृत हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०।०८।११

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा सूचीकृत हुन अनुरोध छ ।

तपसिल:

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिमको नाम |
|---|---|
| १ | हाते ट्र्याक्टर र पावर ट्रिलर मर्मत |
| २ | सेरामिक्सका सामग्रीहरु निर्माण गर्ने |
| ३ | गड्यौलाबाट कम्पोष्ट मल बनाउने तथा गड्यौला र प्रविधि हस्तान्तरण कार्यक्रम |
| ४ | कफि उद्योगको विकास र प्रवर्द्धन तथा प्रविधिमा सहयोग |
| ५ | उखु क्रसिङ्ग एवम् प्याकेजिङ्गका लागि सीपमूलक तालिम एवं प्रविधि हस्तान्तरण |
| ६ | सुन्तला उत्पादन क्षेत्रमा कृषि सहकारीकर्मीहरुलाई सुन्तला जुस उत्पादन-तथा प्याकेजिङ्ग तालिम एवं प्रविधि हस्तान्तरण |
| ७ | विपन्न मुक्त कमैया/कम्लहरी माझी कुमाल चुनारा एवं लोपोन्मुख सीमान्तकृत नागरिकका लागि चुरा बनाउने तालिम |
| ८ | सैलुन व्यवसाय सञ्चालन गर्नका लागि सीप विकास तालिम तथा प्रविधिमा सहयोग |
| ९ | पलम्बिङ्ग तथा हाउस वायरिङ्ग तालिम (३९० घण्टे) |
| १० | अल्लो प्रोसेसिङ्ग तालिम (१६० घण्टे) |
| ११ | बाँसबाट विभिन्न फर्निचरका सामग्री बनाउने तालिम (३९० घण्टे) |
| १२ | प्रारम्भिक तालिम प्राप्त गरीसकेका व्यक्तिहरुका लागि मागमा आधारित स्तरोन्नती तालिम |

प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभव

| क.सं. | पद | शैक्षिक योग्यता, तालिम वा अनुभव | कैफियत |
|---|---|---|---|
| १. | प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । | |
| २. | सहायक प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको । | |

पुनश्च:

- ✓ प्रशिक्षक सूचीकृत फाराम यसै सूचनाको साथ संलग्न गरिएको छ साथै कार्यालयको website: www.csigulmi.p5.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९७४९७८२५०० मा सम्पर्क गर्न सकिनेछ ।

सुरेन्द्र भण्डारी
उद्योग अधिकृत
(अधिकृत सातौं)

# <u>प्रशिक्षक सूचीकृत फाराम</u>

श्रीमान् उद्योग अधिकृत ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी ।

विषयः <u>प्रशिक्षक सूचीकृत सम्बन्धमा ।</u>

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयवाट सञ्चालन हुने ........................................................... तालिमको लागि प्रशिक्षक आवश्यक भएको व्यहोरा जानकारी आएकोले मैले उक्त विषयमा विगतका केही वर्षदेखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचीकृत गरिपाउँ भनी तपसिल बमोजिम कागजातसहित यो निवेदन पेश गरेको छु।

<u>तपसिलः</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित विषयको तालिम सञ्चालन सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

<u>निवेदक</u>
नामः
ठेगानाः
हस्ताक्षरः
सम्पर्क नं.: